# सूचना ! सूचना !! सूचना !!!

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ रिक्त रहेको **प्रहरी जवान** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्न प्रहरी प्रधान कार्यालयबाट मिति २०७७/०६/३० गते प्रकाशित विज्ञापन अनुसार दरखास्त दिई **विस्तृत स्वास्थ्य परीक्षण परीक्षामा** उत्तीर्ण उम्मेदवारहरूको **मिति २०७७/११/२२ गते लोक सेवा आयोगद्वारा निम्नानुसार लिखित परीक्षा कार्यक्रम सञ्चालन** हुने ब्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै **लिखित परीक्षाको परीक्षा केन्द्र सम्बन्धी सूचना लोक सेवा आयोगबाट प्राप्त भए पश्चात** नेपाल प्रहरीको वेभसाईट ***www.nepalpolice.gov.np*** बाट पछि प्रकाशन गरिने ब्यहोरा जानकारीको लागि सूचित गरिन्छ ।

**निम्नः-**

# लोक सेवा आयोग
## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
## परीक्षा संचालन शाखा

**प्रहरी जवान पदको लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना**

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | **२०७७/०६/३०** | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०७७/१०/१९ |
|---|---|---|---|---|---|
| **नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार **प्रहरी जवान (जनपद) पद**को खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने गरि तय गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । | | | | | |
| **क्र.सं.** | **विज्ञापन नं.** | **किसिम** | **पद, सेवा, समूह/उपसमूह/ तह** | **लिखित परीक्षा मिति र समय** | **परीक्षा केन्द्र** |
| १ | ०१ (०७७/७८) | खुला तथा समावेशी | प्रहरी जवान (जनपद)<br>(२ घण्टा) | २०७७ फागुन २२ गते दिनको ११:०० बजे | परीक्षा सञ्चालन गर्ने आयोगको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ । |

## लिखित परीक्षा कार्यक्रम सञ्चालन गर्ने आयोगका कार्यालयहरु

| सि.नं. | शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गर्ने कार्यालय | परीक्षा संचालन गर्ने कार्यालय |
|---|---|---|
| १ | १ नं. प्रदेश, प्रहरी तालिम केन्द्र, विराटनगर, मोरङ, ९८५२०९०१८० | धनकुटा कार्यालय |
| २ | २ नं. प्रदेश, प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: राजविराज, सप्तरी), ९८५४०९०६०० | जलेश्वर कार्यालय |
| ३ | बागमती प्रदेश, प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुली, ९८५४०४१७८९ | हेटौंडा कार्यालय |
| ४ | महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्ज, काठमाडौं | काठमाडौं कार्यालय |

| | | |
|---|---|---|
| ५ | गण्डकी प्रदेश, प्रहरी तालिम केन्द्र, पोखरा, ९८५६०६८१२१ | पोखरा कार्यालय |
| ६ | लुम्बिनी प्रदेश, प्रहरी तालिम केन्द्र, बुटवल, रुपन्देही, ९८५७०९०४४४ | बुटबल कार्यालय |
| ७ | कर्णाली प्रदेश, प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज), ९८५८०९०११५ | सुर्खेत कार्यालय |
| ८ | सुदूर पश्चिम प्रदेश, प्रहरी तालिम केन्द्र, दिपायल, डोटी, ९८५८४९००८४ | दिपायल कार्यालय |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइस लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. समान शैक्षिक योग्यता भएका पदहरुको विविध विषयको परीक्षा संयुक्त हुनेछ ।

६. वस्तुगत बहुउत्तरमा गलत उत्तर  वापत **२०% अंका कट्टा** हुने छ ।

७. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

८. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको **प्रवेश पत्र** संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको **फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

## कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु

१.  परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।

२.  परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **एक घण्टा तीस मिनेट** अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३.  परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४.  परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५.  परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।



**राजु सत्याल**
**शाखा अधिकृत**



**नारायणप्रसाद ज्ञवाली**
**उपसचिव**